Govt. Regd. No. 157101/073/074

sanima
SWET GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

# Swet Ganga Hydropower & Construction Limited

च.नं.: २८३ - ०८०/८१

मिति: २०८०/१०/१५

श्रीमान महा-प्रबन्धकज्यू,
नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

**विषयः शेयर खरिद बिक्री गर्नका लागि सहमती प्रदान गरिएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा, यस कम्पनीको मिति २०८० चैत्र २१ गते बुधबार दिउँसो ३:०० बजे बसेको सञ्चालक समितिको बैठकमा तपसिल बमोजिमको निर्णय गरिएको व्यहोरा तहाँ नेपाल स्टक एक्सचेन्ज लिमिटेडको जानकारीका लगि सादर अनुरोध गर्दछौं ।

तपसिल

यस कम्पनीका विदेशी लगानीकर्ता शेयरधनी श्री Dolma Impact Fund I को नाममा रहेको यस कम्पनीको प्रति शेयर रू. १००/- दरको जम्मा ३८,५१,००० कित्ता शेयर "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम ३८ को उपनियम (१) र (१क) बमोजिम खरिद बिक्री वा हस्तान्तरण वा लेनदेन गर्न नसक्ने गरी रोक्का रहेकोमा सो लक इन (Lock In) अवधि मिति २०८० फाल्गुण ०२ गतेबाट समाप्त भई सोको जानकारीका लागि प्रचलित कानून बमोजिम राष्ट्रिय स्तरको दैनिक पत्रिका आर्थिक राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको थियो । धितोपत्र सम्बन्धी कानुनी व्यवस्था अनुसार उक्त संस्थाको नाममा रहेको शेयर खरिद बिक्री गर्नका लागि उद्योग विभाग अन्तर्गतको विदेशी लगानी तथा प्रविधि हस्तान्तरण शाखाबाट सैद्धान्तिक सहमति प्राप्त गर्नका लागि विभाग समक्ष निवेदन गर्न यस कम्पनीको तर्फबाट सञ्चालक समितिको सहमति आवश्यक भएको हुँदा सहमति प्रदान गर्नका लागि उक्त संस्थाबाट मिति २०८० चैत्र २० गते निवेदन भई आएको हुनाले प्रचलित कानुन बमोजिम सहमति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**भवदिय,**

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

..................
अंगुरा कोईराला
(कम्पनी सचिव)

P. O. Box: 19737, Dhumbarahi, Kathmandu, Tel. (977-1) 4373030, 4372828, 4015788, Fax: (977-1) 4015799
E-mail: sghcl@sanimahydro.com, Website: www.swetgangahydropower.com